मा.सतिश कुमार सिंह
Hon.Satish Kumar Singh
मुख्यमन्त्री
Chief Minister

फोन नं. ०४१(५२७३०३, ५२३१३३
PH.NO.:041-527303, 23133
Website: www.ocmcm.p2.gov.np
E-mail: satishsingh.raj12@gmail.com

मधेश प्रदेश सरकार
Government of Madhesh Pradesh
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
Office of the Chief Minister & Council of Ministers
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham,Dhanusha,Nepal

मितिः२०८१/०४/१८ गते

## शोक–वक्तव्य

शास्त्रीय सङ्गीतका महान् साधक एवम् लोकप्रिय गायक श्रद्धेय गुरुदेव कामतको असामयिक निधनबाट स्तब्ध एवम् मर्माहत भएको छु । अत्यन्त गहिरो र प्रभावशाली ढङ्गले गीतसङ्गीतका माध्यमबाट भावनात्मक, आध्यात्मिक, सामाजिक एवम् साँस्कृतिक विषयवस्तुलाई अभिव्यक्ति गर्न सम्पूर्ण जीवन व्यतीत गर्नुभएका संगीतका उपासक एवम् साधक दिवंगत गुरुदेवजीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

मनोरञ्जन र जीविकोपार्जनको माध्यम नभएर शिक्षा, चेतना र सँस्कार उन्नयनका लागि सङ्गीत विधालाई आजीवन अघि बढाउनुभएका स्व.गुरुदेव कामतको निधनप्रति शोक प्रकट गर्न प्रदेश सरकारले मिति २०८१।०४।२० गते आइतबार राष्ट्रिय झन्डालाई आधा झुकाउने निर्णय समेत गरेको छ ।

गुरुदेवजीको साङ्गीतिक आराधना र उपासनाको यात्रा अत्यन्त कठिन र सङ्घर्षपूर्ण रहँदै आयो । तर, जीवनको कठोरतम क्षणसँग लड्दै भिडदै शास्त्रीय तथा सुगम सङ्गीत परम्परालाई थप सिर्जनात्मक र उत्कर्षोन्मुख बनाउन उहाँले पुर्याउनुभएको योगदान सदैव स्मरणीय रहनेछ । उहाँको साङ्गीतिक स्वरको समग्रता र सम्पूर्णताले मधेशको भूमिलाई अनन्तकालसम्म गौरव–गरिमाबाट विभूषित गरिरहनेछ ।

शास्त्रीय एवम् सुगम दुवै सङ्गीतसम्बद्ध जीवनमा नयाँ चेतना प्रदान गर्ने गुरुदेवजीले सङ्गीत शिक्षालाई नेपालमा नयाँ दिशा तथा आयाम दिनुभयो । उहाँको अतुल्य तथा विलक्षण प्रतिभाबाट धेरै सँख्यामा सङ्गीताभ्यासीहरू सुरसाधनाका गहनतम् पक्षलाई सरलतम ढङ्गले बुझ्न सक्षम भएका छन् । उहाँकै प्रेरणा र सामीप्यबाट सङ्गीत विधामा संलग्न हुन नयाँ पुस्ताका प्रतिनिधिहरू उत्सुक र उत्कंठित भएको अवस्था छ ।

एउटा आदर्श सङ्गीत अनुयायी, आदर्श गुरु र साङ्गीतिक फाँटमा मानवीय मूल्यको निरूपण गर्ने संवेदनशील स्रस्टा साधकका रूपमा दिवंगत गुरुदेवजी नेपाली साङ्गीतिक आकासमा सधैंभरि एउटा चम्किलो नक्षत्र भएर हामीलाई प्रेरित एवम् प्रोत्साहित गरिरहनु हुनेछ ।

मा. सतिश कुमार सिंह
मुख्यमन्त्री ,मधेश प्रदेश सरकार

मुख्यमन्त्री

CamScanner